छलफल तथा निर्णयहरु

१. नेपालमा पहिलोपटक गर्न लागिएको राष्ट्रिय आर्थिक गणनाको लागि तथ्याङ्क ऐन, २०१५ को दफा ४ बमोजिम नेपाल राजपत्रमा सूचित आदेश जारी गर्न केन्द्रीय तथ्याङ्क विभागबाट पेश हुन आएको "राष्ट्रिय आर्थिक गणना, २०७५ को आदेश" को मस्यौदालाई नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि अघि बढाउन स्वीकृति प्रदान गर्ने ।

२. नेपाललाई सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रहरुको दर्जाबाट स्तरोन्नति गर्ने लक्ष्यमा हालसम्म भएका प्रगति एवं अध्ययन प्रतिवेदनहरुका बारेमा आर्थिक व्यवस्थापन महाशाखाबाट आयोगलाई जानकारी गराइयो । साथै, परराष्ट्र मन्त्रालयसँगको सहकार्यमा स्तरोन्नतिसम्बन्धी नेपालको औपचारिक निर्णयबारे यसै साता टुंगो लगाउने ।

३. राष्ट्रिय योजना आयोगले अक्सफोर्ड यूनिभर्सिटीसँगको सहकार्यमा प्रदेशहरु समेतको बहुआयामिक गरिबी सूचक (Multidimensional Poverty Index) पहिचान हुने गरी तयार गरेको "नेपाल बहुआयामिक गरिबी प्रतिवेदन, २०१८" (Nepal Multidimensional Poverty Report, 2018) का बारेमा आयोगलाई जानकारी गराइयो र उक्त प्रतिवेदनको सार्वजनिकीकरण यही पौष ५ मा गर्ने ।

४. आगामी राष्ट्रिय विकास समस्या समाधान समितिको ४१औं बैठक तयारीका सम्बन्धमा उक्त बैठक बस्नु अघिका उपसमितिहरुको बैठक अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट तयार गरिएको कार्ययोजना अनुसार अघि बढाउने।

५. नेपाल सरकार, मन्त्रिपरिषद् बाट मिति २०७४।०८।१ मा स्वीकृत "बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०१८-२०२२)" सम्बन्धमा सम्बन्धित माननीय सदस्य प्रा.डा.गीताभक्त जोशीबाट आयोगलाई जानकारी गराइयो ।

६. राष्ट्रिय योजना आयोगको सचिवालयमा कार्यरत सबै कर्मचारीहरुलाई चालु आ.व. २०७४।७५ मा कार्यालय समय अघि पछि र सार्वजनिक बिदाका दिन समेत काममा खटाउनुपरेको कारण मिति २०७४।०४।१ देखि लागू हुने गरी हाजिरी रेकर्डका आधारमा कार्यालयमा उपस्थित भएको दिनका लागि अर्थ मन्त्रालयबाट निर्धारित दरमा खाजा/खाना भत्ता उपलब्ध गराउने प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।